वैठक संख्याः १२

आज मिति २०७५।०३।२८ गते विहिबार विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | अनुपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री गणेश प्रसाद दाहाल | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | शाखा अधिकृत (सातौ) | उपस्थित |
| २ | श्री टेकनाथ रेग्मी | लेखा अधिकृत | उपस्थित |
| ३ | श्री झमक भटराई | कार्यक्रम अधिकृत | उपस्थित |

## प्रस्तावहरु

१. **बेलबारी नगरपालिका क्षेत्रका सहकारी संस्था व्यवस्थापन गर्न बनेको विधेयक २०७५**

२. **बेलबारी नगरपालिकाको न्यायिक समिति व्यवस्थापन गर्न बनेको विधेयक, २०७५**

३. **बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५**

४. **विनियोजन ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक २०७५**

५. **विद्यालय तथा विषयगत शिक्षकहरुको सम्मान**

६. **टेन्डरहरुको स्वीकृत सम्बन्धमा**

   क. बेलबारी वडा नं. १, २ र ३ को सोमवारे, बुधवारे र शुक्रवारे हाटबजार रु. ९००५००।

   ख. बेलबारी वडा नं. ११ को लक्ष्मीमार्गको मंगलवारे हाटबजार रु. २५१००।

   ग. वडा नं. ९ डागीहाँट मंगलवारे शुक्रबारे हाटबजार रु. १५०१००।

   घ. वडा नं. ११ शनिवारे विहीवारे कृषि हाटबजार रु. १०००५५।

७. **बेलबारी बहुमुखी क्याम्पस भवन निर्माण लागत अनुमान तथा साझेदारी सम्बन्धमा ।**

## निर्णयहरु

निर्णय नं. १ः विधेयक समितिको मिति २०७५।३।२२ गतेको वैठकबाट सिफारिस भई आएअनुसार बेलबारी नगरपालिका क्षेत्रका सहकारी संस्था व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ माथि छलफल गरि स्वीकृतीको लागि नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २ः विधयेक समितिको मिति २०७५।३।२४ गतेको वैठकबाट सिफारिस भई आएअनुसार बेलबारी नगरपालिकाको न्यायिक समिति व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ माथि छलफल गरि स्वीकृतीको लागि नगरसभा वैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ः विधेयक समितिको मिति २०७५।२।२२ गतेको वैठकबाट सिफारिस भएअनुसार बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ माथि छलफल गरि स्वीकृत गर्नुका साथै मिति २०७५।०३।३२ गते देखि प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ः बेलबारी नगरपालिकाको चालु आ.व.२०७४/०७५ को विनियोजन ऐन २०७४ लाई संशोधन गर्न बनेको विनियोजन विधेयक २०७५ नगरसभा स्वीकृतीको लागी पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ः बेलबारी नगरक्षेत्र भित्र संचालनमा रहेका सामुदायीक विद्यालयलाई शैक्षिक सत्र २०७४ को सिकाई उपलब्धीको आधारमा नगर शिक्षा समितिको मिति २०७५।३।१९ गतेको वैठकबाट सिफारिस भएनुसार तपशिल बमोजिमका विद्यालय तथा विषयगत उत्कृष्ट शिक्षकहरुलाई सम्मान तथा पुरस्कृत गर्ने निर्णय गरियो ।

१. माध्यमिक विद्यालय तर्फ

| क्र.सं. | विद्यालयको नाम | विषय | शिक्षकको नामथर | पुरस्कार रकम रु. |
|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. राधानगर | नेपाली | श्री मेघराज घिमिरे | १० हजार |
| २ | श्री जनता मा.वि. राधानगर | अंग्रेजी | श्री टंक प्रसाद ओझा | १० हजार |
| ३ | श्री महेन्द्र मा.वि. बेलबारी १० | विज्ञान | श्री सन्जिव बहादुर कार्की | १० हजार |
| ४ | श्री जनता मा.वि. राधानगर | गणित | श्री छगनलाल तिम्सिना | १० हजार |
| ५ | श्री कसेनी मा.वि. बेलबारी ४ | सामाजिक | श्री धर्म कुमारी कालाखेती | १० हजार |

२. आधारभूत तर्फ

| क्र.सं. | विद्यालयको नाम | विषय | शिक्षकको नामथर | पुरस्कार रकम रु. |
|---|---|---|---|---|
| १ | श्री सुकुना आ.विद्यालय बेलबारी ८ | नेपाली | श्री अनिता तिम्सिना | १० हजार |
| २ | श्री महेन्द्र मा.वि. बेलबारी १० | अंग्रेजी | श्री माया दर्जी | १० हजार |
| ३ | श्री पंचज्योती आ.वि. बेलबारी ४ | गणित | श्री अजम्बर विश्वकर्मा | १० हजार |
| ४ | श्री पंचज्योती आ.वि. बेलबारी ४ | विज्ञान | श्री अजम्बर विश्वकर्मा | १० हजार |
| ५ | श्री महेन्द्र आ.वि. बेलबारी ५ | सामाजिक | श्री एलिना अधिकारी | १० हजार |

३. विद्यालय तर्फ

| क्र.सं. | विद्यालयको नाम | पुरस्कार रकम रु. |
|---|---|---|
| १ | श्री लक्ष्मी मा.वि. बेलबारी ११ | १ लाख |
| २ | श्री रामजानकी आधारभूत विद्यालय बेलबारी ७ | १ लाख |

**निर्णय नं. ६:** आगामी आ.व. २०७५/७६ को बेलबारी नगरपालिकाको राजस्व संकलन र व्यवस्थापनको लागी नियमानुसार दर्ता भएका तपशिल बमोजिमका हाटबजारहरुको ठेक्का बन्दोबस्त भई प्रमुखज्यूबाट स्वीकृत भएको हुदा उक्त हाटबजारहरुको ठेक्काबन्दोबस्त समर्थन गर्ने निर्णय गरियो ।

क। बेलबारी वडा नं. १, २ र ३ को सोमवारे, बुधवारे र शुक्रवारे हाटबजार रु. ९००५००।

ख। बेलबारी वडा नं. ११ को लक्ष्मीमार्गको मंगलवारे हाटबजार रु. २५१००।

ग। वडा नं. ९ डागीहाँट मंगलवारे शुक्रबारे हाटबजार रु. १५०१००।

घ। वडा नं. ११ शनिवारे विहीवारे कृषि हाटबजार रु. १०००५५।

**निर्णय नं. ७:** बेलबारी बहुउदेश्यीय क्याम्पस भवनको लागी तयार भएको रु. ९,९७,४२,५७०।३६ रुपैया बराबरको लागत अनुमान स्वीकृत गरियो । साथै बेलबारी बहुउदेश्यीय क्याम्पसको च.नं. १३२ मिति २०७५।३।१३ को प्राप्त पत्रानुसार भवन निर्माणको लागि लागत अनुमानको ४० प्रतिशत क्याम्पस र ६० प्रतिशत रकम नगरपालिकाको साझेदारीतामा भवन निर्माणको लागि अनुरोध गरिएको हुदाँ निर्माण कार्यको लागि प्रदेश सरकार, संघीय सरकार तथा विश्व विद्यालय अनुदान आयोग समेतलाई अनुरोध गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।